नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहरदबार, काठमाण्डौ
(आर्थिक प्रशासन शाखा)
फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account.section@mofaga.gov.np

पत्र संख्याः- २०७८/७९

चलानी नम्बरः- ४६

मितिः- २०७८/०५/०८

श्री मन्त्रालय/ विभाग/कार्यक्रम/आयोजना (सबै)
श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)

विषयः- <u>बेरुजु फछ्र्यौट कार्ययोजना मार्गदर्शन सम्बन्धमा ।</u>

यस मन्त्रालय अन्तर्गत निकायहरुको आ.व. २०७८/७९ को बेरुजू फछ्र्यौट कार्ययोजना र मार्गदर्शन यसै साथ संलग्न छ । उक्त बेरुजू फछ्र्यौट कार्ययोजना र मार्गदर्शन मिति २०७८/०५/०८ मा नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार स्वीकृत भएको हुँदा सो अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

..............................
**बाबुराम ज्ञवाली**
**उपसचिव (लेखा)**

**बोधार्थः-**
श्री बेरुजू फछ्र्यौट अनुगमन समिति,
सिंहदरबार, काठमाण्डौ ।
श्री प्रधानमन्त्री तथा मन्त्रीपरीषदको कार्यालय,
सिंहदरवार ।
श्री संघीय संसद सार्वजनिक लेखा समिति,
सिंहदरवार ।
श्री महालेखापरीक्षकको कार्यालय,
बबरमहल, काठमाण्डौ ।
श्री कुमारी चोक तथा केन्द्रीय तहशिल कार्यालय,
बबरमहल, काठमाडौः- कार्ययोजना संलग्न छ ।
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको website मा राखिदिनु हुन अनुरोध छ ।
सिंहदरबार, काठमाण्डौ ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(आर्थिक प्रशासन शाखा)
फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account.section@mofaga.gov.np

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः- २०७८/७९

चलानी नम्बरः-

मितिः- २०७८/०५/०४

श्री मन्त्रालय/ विभाग/कार्यक्रम/आयोजना (सबै)
श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)

विषयः- आर्थिक वर्ष २०७८/७९ को बेरुजु फछ्यौंट कार्ययोजना

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ अनुसार प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबारलाई बेरुजु भनेर परिभाषित गरिएको छ । आर्थिक कारोबार गर्दा विधि सम्मत तवरबाट खर्च हुनु अनिवार्य हुन्छ ।

बेरुजु बढ्दै जानु संगठनात्मक प्रभावकारिताका दृष्टिले र आर्थिक अनुशासनका दृष्टिले पनि उपयुक्त अवस्था होइन । बेरुजु बढ्दा सार्वजनिक श्रोत परिचालनमा दक्षताको कमीका साथै विधिको पालना नहुने अवस्था समेत रहन्छ। प्रस्तुत परिप्रेक्ष्यमा मन्त्रालयले बेरुजु न्यूनिकरणको साथै बेरुजु फछ्यौटमा तीव्रता ल्याउने प्रयास गरिरहेको छ । बेरुजु फछ्यौटको कार्यलाई सार्थक र परिणाममूलक बनाउन आ.व. २०७८/७९ को निमित्त बेरुजु फछ्यौट गर्ने लक्ष्य निर्धारण गर्नुका अतिरिक्त कुल लेखापरीक्षण रकमको निश्चित प्रतिशत भन्दा बढी बेरुजु हुन नहुने गरी लक्ष्य निर्धारण गरिएको छ । चालु आर्थिक वर्ष २०७८/०७९ लाई बेरुजु फछ्यौंट वर्षको रुपमा अगाडी बढाउने निर्णय बेरुजु फछ्यौंट अनुगमन समितिले गरेको छ । साथै बेरुजु फछ्यौंटको लागि उल्लेखनीय कार्य गर्ने कर्मचारीलाई निजामति सेवा पुरस्कार र विभूषण प्रदान गर्ने आधारका रुपमा लिने निर्णय समेत गरेको छ । तदनुरुप बेरुजु फछ्यौटको प्रगति हासिल हुन सके/नसकेको अनुगमन समेत गर्ने उद्देश्यले प्रत्येक निकायका लागि देहायका लक्ष्यहरु निर्धारण गरिएका छन्।

**१. आ.ब २०७८/७९ मा बेरुजु फछ्यौट गर्ने र बेरुजु न्यून राख्नु पर्ने लक्ष्यः-**

बेरुजू फछ्यौंट गर्ने र बेरुजू कम कायम गराउने प्रयोजनको लागि मन्त्रालयलाई निम्नानुसार(क),(ख) र (ग) गरी तीन वर्गमा विभाजन गरिएको छ ।

क. मातहत विभाग/आयोजना/ कार्यालयहरु क्रियाशील रही कुल बेरुजू रु. ५ अर्व भन्दा बढी कायम भएका मन्त्रालय निकायहरु जस्ले आफ्नो कार्यालय बाहेक अन्तर्गतका समेतको लेखा, लेखपरीक्षण र बेरुजू फछ्यौंटमा जवाफदेही हुनुपर्दछ । यस्ता निकायले आफ्नो/ मातहतका नाममा कायम भएको बेरुजूको न्यूनतम ४५ प्रतिशत फछ्यौंट गर्नुपर्ने ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(आर्थिक प्रशासन शाखा)
फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account.section@mofaga.gov.np

पत्र संख्याः- २०७८/७९
चलानी नम्बरः-

ख. मातहत/विभाग/ आयोजना कार्यालयहरुले आफ्नो नाममा कायम भएको बेरुजूको न्यूनतम ५० प्रतिशत फछ्र्यौट गर्नुपर्ने ।

ग. जसले आफ्नो कार्यालयको मात्र लेखा राख्छ, लेखापरीक्षण गराउँछ, बेरुजू फछ्र्यौट गर्छ, त्यस्ता निकायलाई (ग) वर्गमा वर्गिकरण गरिएको छ । यस वर्गका निकायले आ.व. २०७८/७९ मा आफ्नो नाममा कायम भएको बेरुजूको न्यूनतम ६० प्रतिशत फछ्र्यौट गर्नुपर्ने ।

मन्त्रालय तथा कार्यालयहरुले शत प्रतिशत नै बेरुजू फछ्र्यौट गरी लेखपारीक्षणबाट बेरुजू शून्य कायम गराउनु पर्ने हो । तर पुराना बेरुजू पनि भएका र सवुद प्रमाणहरु जुटाउन केही कठिनाई हुने भएकोले क्रमशः बेरुजू शून्य बनाई लैजाने गरी लक्ष्य निर्धारण गर्ने गरिएको छ ।

२. बेरुजू फछ्र्यौटको लागि देहाय अनुसार छुट्टा छुट्टै लक्ष्य निर्धारण गरीएको छः

क. आ.व. २०५९/६० सम्मको पुरानो बेरुजूको लगत नेपाल सरकारको मिति २०६९/०६/११ को मन्त्रिपरिषदको निर्णयले कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा भएकोले सो कार्यालयबाट फछ्र्यौटको जानकारी प्राप्त भएपछि फछ्र्यौट रकम प्रगतिमा समावेश गरिनेछ । सो बेरुजू फछ्र्यौट गर्दा निम्न कुरामा ध्यान पुर्‍याउनु पर्नेछः

- असुल उपर गर्नुपर्ने, सरकारी हानी नोक्सानी र मस्यौट भएकोलाई आवश्यक कारवाही गरी अन्तिम टुङ्गो लगाई फछ्र्यौट गर्ने गराउने ।
- सरकारी हानी नोक्सानी र मस्यौट भएको बाहेक अन्य विषयमा प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रलायका सचिव वा अधिकार प्राप्त अधिकारीबाट बेरुजू फछ्र्यौट गराई लगत कट्टाको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउने ।
- चालु आर्थिक वर्ष भित्र आ.ब. २०५९/६० सम्मको बेरुजू शून्य बनाउनै पर्ने ।

३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ को उप नियम (५) अनुसार रु. ५ लाख सम्मको बेरुजू सम्बन्धित मन्त्रलायको सचिवले मिनाहा गर्न सक्ने र रु. ५ लाख भन्दा बढी १० लाख सम्म मिनाहा समितिले र १० लाख भन्दा बढी रकमको हकमा सो समितिको सिफारिशमा नेपाल सरकार समक्ष पेश गर्नु पर्ने ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(आर्थिक प्रशासन शाखा)
फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account.section@mofaga.gov.np

पत्र संख्याः- २०७८/७९

चलानी नम्बरः-

- श्रेस्ता प्रमाण फेला नपरेका वा प्रमाण प्राप्त हुन नसक्ने प्रकृतिका बेरुजू आवश्यक कागजात र स्पष्ट कारण सहित मन्त्रालयको निर्णयसाथ मिनाहा समितिमा सिफारिशको निमित्त पेश गर्ने ।
- समय समयमा निश्चित कार्य र अवधिको लागि गठन भएको तर हाल अस्तित्वमा नरहेको आयोग/ समिति तर्फको प्रयास गर्दा पनि प्रमाण जुटाउने नसक्ने प्रकारका बेरुजूहरु ।
- विस्फोट, आगजनी त्यस्तै काण्डमा परी लेखा/ श्रेस्ता पेश हुन नसकेको बेरुजूहरु ।
- लेखा वा श्रेस्ता पेश हुन नसकेको ज्यादै पुरानो बेरुजू सम्बन्धमा पनि हाल पेश गर्न सकिने भएमा सो यथेष्ट कारण खोली सिफारिश भई आएको बेरुजूहरु ।

४. **बेरुजू फछ्र्यौटको लक्ष्य प्राप्तिको लागि निम्नानुसारका उपाय अवलम्बन गर्नेः**

१. आ.व. २०६०/६१ देखि २०७५/७६ सम्मको ८० प्रतिशत भन्दा माथि फछ्र्यौट गर्ने प्रयास गर्ने ।

२. आ.व. २०७६/७७ को श्रेस्ता लेखापरीक्षणबाट कायम भएको नयाँ बेरुजू फछ्र्यौट गर्ने सवुद, प्रमाण र काम गर्ने कर्मचारी सबै उपलब्ध हुने हुनाले शून्य बनाउनै पर्ने लक्ष्य तोकिएको छ । यस तर्फ सबै निकायले विशेष ध्यान दिई कार्यसम्पादन गर्ने ।

३. वैदेशिक सहयोग अन्तर्गत सञ्चालित सोधभर्ना प्राप्त हुनुपर्ने योजना, सञ्चालन भै बन्द भैसकेको योजना र निकट भविष्यमा बन्द हुने योजनाहरुको सोधभर्ना प्राप्त हुनुपर्ने, योजना सञ्चालन भै बन्द भैसकेको योजना र निकट भविष्यमा बन्द हुने योजनाहरुको सोधभर्ना हुनुपर्ने हिसाव र रकमान्तर तथा श्रोतान्तर गर्नुपर्ने रकमको हिसाव शिघ्र मिलाउने व्यवस्था गर्ने ।

४. गत वर्ष झै यस वर्ष पनि लेखापरीक्षण गराउन र बेरुजू फछ्र्यौटको कामलाई निरन्तर सुपरिवेक्षण, सहजीकरण, अभिलेख व्यवस्थापन गरी यस सम्बन्धी सबै काम गर्न यस मन्त्रलायमा बरिष्ठ (सह- सचिव) को अध्यक्षतामा, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समिति गठन भै सकेको छ । उक्त समितिले मन्त्रालय अन्तर्गतका निकायमा भइरहेको बेरुजू फछ्र्यौट सम्बन्धी कार्य मासिक रुपमा प्रगति समीक्षा गर्ने छ । समितिको कार्ययोजना र प्रगति समीक्षा बेरुजू फछ्र्यौट अनुगमन समिति, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र संघीय संसद सार्वजनिक लेखा समितिलाई पनि उपलब्ध गराइने छ ।

फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account.section@mofaga.gov.np

पत्र संख्याः- २०७८/७९ चलानी नम्बरः-

५. लेखापरीक्षण तथा बेरुजु फछ्र्यौटको लागि विभागीय स्तरमा पनि मातहत कार्यालयहरुको प्रतिनिधि समेत भएको लेखापरीक्षण सहयोग समिति बनाउने ।

६. मन्त्रालय अन्तर्गतका समिति तर्फको बेरुजू फछ्र्यौट कार्य अन्यन्त शिथिल देखिएको र अधिकांश निकायहरुले न्यूनताम लक्ष्य भन्दा पनि निकै कम मात्र फछ्र्यौट गरेको रेकर्डबाट पाइएकाले त्यस्ता निकायहरुले कडाईका साथ फछ्र्यौट गर्नु हुने छ। कार्यप्रगतिको आधारमा पुरस्कार र दण्डको व्यवस्था हुनेछ ।

७. मातहत निकायहरुले बेरुजू फछ्र्यौट गर्ने कार्यलाई विशेष गम्भिरताका साथ अगाडि बढाउनु पर्ने भएकोले सो सँग सम्बन्धित पदाधिकारीहरुको बैठक महिनामा एक पल्ट अनिवार्य रुपमा बसी बेरुजू फछ्र्यौटको समीक्षा गर्ने । सो समीक्षाको एक प्रति मन्त्रालयमा समेत उपलब्ध गराउने ।

८. पेश्की सम्बन्धमा -

- खर्चको ठूलो रकम पेश्कीको रुपमा देखिएकोले पेश्की फछ्र्यौट कार्यलाई प्राथमिकतामा राखी आबश्यक व्यवस्था मिलाउने ।

९. मातहत निकाय तथा स्थानीय तहहरुको प्रत्येक महिनामा बेरुजू फछ्र्यौटको प्रगति प्रतिवेदन मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाउने ।

**५. आ.ब. २०७७/७८ को श्रेस्ता लेखापरीक्षणबाट बेरुजू शून्य/न्यून राख्नुपर्नेः-**

१. क वर्गका मन्त्रालय/निकायहरुले चालु वर्ष लेखापरीक्षण भएको अंकको शून्य बेरुजू कायम गर्ने गराउने । सो हुन नसकेमा कुल विनियोजनको बेरुजू अंक ४ प्रतिशतमा सिमित राख्ने ।

२. ख वर्गका मन्त्रालय/निकायहरुले चालु वर्ष लेखापरीक्षण भएको अंकको शून्य बेरुजू कायम गर्ने गराउने । सो हुन नसकेमा कुल विनियोजनको बेरुजू अंक ३ प्रतिशतमा सिमित राख्ने ।

३. ग वर्गका मन्त्रालय/निकायहरुले चालु वर्ष लेखापरीक्षण भएको अंकको शून्य बेरुजू कायम गर्ने गराउने । सो हुन नसकेमा कुल विनियोजनको बेरुजू अंक १ प्रतिशतमा सिमित राख्ने ।

४. लेखापरीक्षणबाट बेरुजू कायम भई फछ्र्यौट, सम्परीक्षण गराउनु भन्दा बेरुजू नै कायम नहुने गरी आर्थिक कारोवार गर्ने गराउने तर्फ सबै पदाधिकारी/ कर्मचारी जिम्मेवार हुने ।

५. खर्चमा मितब्ययिता कायम गर्न नेपाल सरकारले जारी गर्ने निर्देशिकाको कार्यान्वयन सहित आर्थिक अनुशासन कायम गर्न सबै विभाग तथा कार्यालयहरुले आन्तरिक नियन्त्रण कार्य निर्देशिका बनाई लागू गर्ने र सो को जानकारी यस मन्त्रालयमा उपलब्ध गराउने ।

६. चालु वर्षको लेखापरीक्षणबाट उपरोक्त बमोजिम शून्य वा कम बेरुजू कायम गराउने र तल उल्लेख भए अनुसार बेरुजू फछ्र्यौट गर्ने निकायहरुलाई धन्यवाद सहित नगद पुरस्कार प्रदान गरीनेछ ।

'क' वर्गका निकायहरुः-

- ८० प्रतिशत देखि माथि १०० प्रतिशत सम्म - सर्वोत्कृष्ट
- ५० प्रतिशत देखि माथि ८५ प्रतिशत सम्म - उत्कृष्ट
- ४५ प्रतिशत देखि माथि ५० प्रतिशत सम्म - सामान्य
- ४५ प्रतिशत भन्दा कम - न्यून

'ख' वर्गका निकायहरुः-

८५ प्रतिशत देखि माथि १०० प्रतिशत सम्म - सर्वोत्कृष्ट

- ५५ प्रतिशत देखि माथि ८५ प्रतिशत सम्म - उत्कृष्ट
- ५० प्रतिशत देखि माथि ५५ प्रतिशत सम्म - सामान्य
- ५० प्रतिशत भन्दा कम - न्यून

'ग' वर्गका निकायहरुः-

- ९० प्रतिशत देखि माथि १०० प्रतिशत सम्म - सर्वोकृष्ट
- ७० प्रतिशत देखि माथि ९० प्रतिशत सम्म - उत्कृष्ट
- ६० प्रतिशत देखि माथि ७० प्रतिशत सम्म - सामान्य
- ६० प्रतिशत भन्दा कम - न्यून

उपरोक्त लक्ष्यमा कम नहुने गरी बेरुजूको परिणाम हेरेर विभाग/कार्यक्रम तथा आयोजनाहरु/ कार्यालयहरुले थप लक्ष्य निर्धारण गरी फछ्र्यौट गर्नुपर्नेछ ।

७. उपरोक्त बमोजिम सर्वोत्कृष्ट हुने मन्त्रालय, सचिवालय तथा केन्द्रीय निकायका प्रशासकीय प्रमुखलाई धन्यवाद सहित रु.१५,०००।– (पन्द्र हजार रुपैंया) प्रदान गरीने छ । मन्त्रालय र अन्तर्गत विभागमा बेरुजू फछ्र्यौटको काममा

प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई कामको योगदानको आधारमा मूल्यांकन गरी बढीमा रु. १०,०००।– (दश हजार रुपैंया) सम्म प्रति ब्यक्ति वा दामासाहीले मन्त्रालयले निर्णय गरी प्रदान गर्न सक्ने छ ।

८. उत्कृष्ट हुने मन्त्रालय, सचिवालय तथा केन्द्रीय तथा केन्द्री निकायको प्रशासकीय प्रमुखलाई धन्यबाद सहित रु. १०,०००।– (दश हजार रुपैंया) प्रदान गरीनेछ । मन्त्रालय र अन्तर्गत विभागमा बेरुजू फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई कामको योगदानको आधारमा मूल्यांकन गरी बढीमा रु. ८,०००।– (आठ हजार रुपैया) सम्म प्रति ब्यक्ति वा दामासाहीले मन्त्रालयले निर्णय गरी प्रदान गर्न सकिनेछ ।

९. सामान्य बेरुजू फछ्र्यौट गर्ने मन्त्रालय, सचिवालय तथा निकायहरुका प्रशासकीय प्रमुखको प्रयासको सरहना गरिनेछ ।

१०. न्यून बेरुजू फछ्र्यौट गर्ने तथा दफा ५ बमोजिम शून्य/न्यून बेरुजू कायम नगर्ने नगराउने मन्त्रालय, सचिवालय तथा अन्य निकायका प्रशासकीय प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख र सम्बन्धित कर्मचारीलाई आवश्यक कारबाही सहित कार्य सम्पादन मूल्यांकन गर्दा बेरुजू फछ्र्यौट तथा शून्य/न्यून बेरुजूलाई समेत आधार लिने विषय ध्यानाकार्षण गराउंदै सवै मन्त्रालयका सचिवज्यूहरुलाई बेरुजू फछ्र्यौट अनुगमन समितिका अध्यक्ष एवं नेपाल सरकारका मुख्य सचिवबाट स्पष्ट निर्देशन भएको हुँदा सो समेतलाई ध्यान दिने ।

११. पुरष्कार प्रदान गर्दा विभाग वा निकाय मातहत कार्यालय भएका निकायमा बढीमा ५ (पाँच) जना, विभागहरुमा बढीमा ५ (पाँच) जना र अन्तर्गत विभाग तथा कार्यालय नभएका मन्त्रालय/निकायहरुमा बढीमा ३ (तीन) जना सम्मलाई पुरष्कृत गर्ने गराउने ब्यवस्था मिलाउने ।

१२. पुरष्कृत हुनको निमित्त चालू आ.ब.को लेखापरीक्षणबाट तोकिए बमोजिमको सीमा भित्र बेरुजू अंक कायम गरी लक्ष्य अनुसार बेरुजू फछ्र्यौट पनि गरेकै हुनु पर्दछ ।

१३. बेरुजू शून्य गर्न/ गराउन लेखापरीक्षणको समयमा लेखापरीक्षण गराउन विशेष ध्यान पुर्याउने जिम्मेवार पदाधिकारीको उपस्थितिलाई अनिवार्य गराउने ।

१४. यस मन्त्रालय अन्तर्गतका विभाग, प्रतिष्ठान तथा समितिहरुले पनि उपरोक्त अनुसारनै लक्ष्य पूरा गर्नुपर्ने । केन्द्रीयस्तरका आयोजनाहरुलाई पनि उपरोक्त अनुसार नै लक्ष्य तोकिएको छ ।

**६. जिल्ला स्थित कार्यलय तथा आयोजनाहरुको सम्बन्धमाः-**

१. लेखापरीक्षणको समयमा कार्यालय प्रमुख र लेखा प्रमुख अनिवार्य उपस्थित भई सबुद प्रमाणहरु यथा समयमै पेश गरी बेरुजू शून्य कायम गर्न अधिकतम प्रयास गर्ने ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहरदबार, काठमाण्डौ

(आर्थिक प्रशासन शाखा)

फोन नं. (९७७)- ४२००३१८ Ext-164

Email Address:- account.section@mofaga.gov.np

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्याः- २०७८/७९

चलानी नम्बरः-

२. महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण डोर समक्ष गत विगत वर्षका बेरुजूहरुको सवुद प्रमाणहरु पत्रसाथ पेश गरी लेखापरीक्षण स्थल मै शत प्रतिशत अधिकतम बेरुजू सम्परीक्षण गराउने ।

३. शत प्रतिशत नै फछ्यौंट गर्नुपर्ने हुन्छ । कथंकदाचित प्रयास गर्दा पनि फछ्यौंट भएन भने न्यूनतम ५० प्रतिशत अनिवार्य फछ्यौंट गर्ने ।

४. चालू आ.ब.मा लेखापरीक्षण भएको अंकको शून्य बेरुजू कायम गर्ने गराउने कारणवस शून्य गराउन नसकेमा निम्न प्रतिशत भन्दा बढी कायम नगराउने ।

- १ करोड भन्दा बढी बेरुजू हुने कार्यालयको ७० प्रतिशत भन्दा बढी बेरुजू फछ्यौंट गरी चालु आ.ब.मा लेखापरीक्षण भएको अंकको ४ प्रतिशत भन्दा कम बेरुजु कायम गराएमा मात्र बेरुजू फछ्यौंटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरु बढीमा ३ जना सम्मलाई धन्यवाद सहित रु.५०००।– (पाँच हजार रुपैंया) प्रतिब्यक्ति नगद पुरस्कार दिने, ३ जना भन्दा बढीलाई पुरस्कृत गर्नुपरेमा रु. १५,०००।– (पन्द्र हजार रुपैंया) को सीमा भित्र रही दामासाहीले पनि दिन सकिनेछ ।
- १ करोड भन्दा बढी बेरुजू हुने कार्यालयको ४ प्रतिशत भन्दा बढी बेरुजू फछ्यौंट कायम गराउने ५० प्रतिशत भन्दा कम बेरुजू फछ्यौंट गर्ने कार्यालय प्रमुख र लेखा प्रमुख वा सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही गरी कार्य सम्पादन मूल्यांकन गर्दा सो प्रगतिलाई समेत आधार बनाउने ।

५. तलव भत्ता र कार्यालय सञ्चालनको लागि मात्र रकम खर्च गरीने कार्यालयहरुको हकमा कुनै पुरस्कार दिईने छैन ।

६. राजश्व संकलन गर्ने कार्यालयहरुको हकमा राजश्वको लेखा राख्ने, लेखापरीक्षण गराउने, बेरुजू फछ्यौंटको काम गर्ने, राजश्व तर्फको कर्मचारी, कार्यालय प्रमुख र लेखा प्रमुख संयूक्त रुपमा जिम्मेवार हुने ब्यवस्था मिलाउने ।

७. चालु वर्ष ( आ.ब.२०७७/७८) को श्रेस्ता लेखापरीक्षण हुंदा बेरुजू हुन नदिने कार्य गरी शून्य बेरुजू कायम गराउने, कार्यालय प्रमुख र लेखा प्रमुखलाई विगत वर्ष कायम भएको बेरुजू आधारमा निम्नानुसार थप पुरस्कार उपलब्ध गरिनेछ ।

क. विगत वर्ष सम्म रु. १ अर्व वा सो भन्दा बढी बेरुजू रहेका तर आ.ब.२०७७/७८ को श्रेस्ता लेखापरीक्षणमा शून्य बेरुजू कायम गराउने मन्त्रालय तथा निकायका कार्यालय प्रमुख र लेखा प्रमुखलाई थप रु.५,०००।– (पाँच हजार रुपैंया) पुरस्कार प्रदान गरिनेछ ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहरदबार, काठमाण्डौ
(आर्थिक प्रशासन शाखा)
फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account.section@mofaga.gov.np

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्याः- २०७८/७९
चलानी नम्बरः-

७. बेरुजू फछ्यौंटमा पुरस्कृत र कारवाही गर्नेः-

क. विभाग तथा कार्यालयहरुलाई बेरुजू फछ्यौंट सम्बन्धमा कारवाही गर्ने र पुरस्कृत गर्ने जिम्मा सम्बन्धित मन्त्रालयको हुनेछ ।

ख. आर्थिक अनुशासन उल्लंघन गर्ने र तोकिए बमोजिम बेरुजू फछ्यौंट नगर्ने कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ मा भएको ब्यवस्था अनुसार कारबाही गर्ने गराउने र त्यसको जानकारी बेरुजू फछ्यौंट अनुगमन समितिलाई पनि उपलब्ध गराउने ।

८. प्रत्येक वर्ष मन्त्रालयको हकमा बेरुजू, बेरुजू फछ्यौंट, पेश्की, असुल उपर भएको रकम आदिको वार्षिक विवरण समीक्षा गरी बेरुजू फछ्यौंट अनुगमन समिति/विभाग/ कार्यक्रम तथा आयोजनामा मन्त्रालयबाट पत्र पठाईनेछ । उक्त पत्र प्राप्त भएपछि मात्र पुरस्कार प्रदान गरिने छ ।

९. आ.ब.२०७७/७८ को बेरुजू फछ्यौंट कार्ययोजनाः-

बेरुजू फछ्यौंटको लागि देहाय अनुसारको लक्ष्य तोकि कार्य योजना बनाई कार्य गर्नेः-

| सि.नं | कार्यतालिका | आ.ब. २०५९/०६० | आ.ब. २०६०/६१ देखि २०७५/७६ | आ.ब. २०७६/७७ को | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०७८ कार्तिक सम्म | २० प्रतिशत | २० प्रतिशत | २० प्रतिशत | |
| २. | २०७८ फाल्गुण सम्म | ३० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | |
| ३. | २०७९ जेष्ठ सम्म | ६० प्रतिशत | ५० प्रतिशत | ६० प्रतिशत | |
| ४. | २०७९ आषाढ मसान्त सम्म | १०० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत | |

.......................
एकनारायण अर्याल
(सचिव)

**बोधार्थः-**
श्री बेरुजू फछ्यौंट अनुगमन समिति,
सिंहदरबार, काठमाण्डौ ।
श्री प्रधानमन्त्री तथा मन्त्रीपरीषदको कार्यालय,
सिंहदरवार ।
श्री संघीय संसद सार्वजनिक लेखा समिति,
सिंहदरवार ।
श्री महालेखापरीक्षकको कार्यालय,
बबरमहल, काठमाण्डौ ।
श्री कुमारी चोक तथा केन्द्रीय तहशिल कार्यालय,
बबरमहल, काठमाडौः- कार्ययोजना संलग्न छ ।
श्री सूचना प्रविधि शाखा,
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको website मा राखिदिनु हुन अनुरोध छ ।
सिंहदरबार, काठमाण्डौ ।